उपराष्ट्रपति

काठमाडौं, नेपाल

# मुहम्मद जयन्ती (मुहम्मद दिवस) को शुभकामना सन्देश

इस्लाम धर्मका अन्तिम ईशदूत (पैगम्बर) हजरत मुहम्मद (सल्ल.) को १५०१ औं जन्मजयन्ती (१२-रब्बी-उल-अव्वल) 'मुहम्मद दिवस' को अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण मुस्लिम समुदायमा सुख, शान्ति, समृद्धि, दीर्घायु र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

यो जयन्तीले हामीलाई सत्य, सहिष्णुता, सदाचार र सामाजिक समरसताको मार्गमा अग्रसर हुन स्मरण गराउँछ। करुणा, सहिष्णुता र मानवता प्रति समर्पित रहन तथा धार्मिक सद्भाव र भाइचारालाई बलियो बनाउन प्रेरित गर्दछ। यस अवसरले मानव सभ्यतालाई शान्ति, न्याय र समानताको मूल्यमान्यतामा दृढ रहन मार्गदर्शन गर्ने विश्वास लिएको छु।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक मुलुक भएकाले यहाँ मनाइने पर्व, जयन्ती र दिवसहरूले हाम्रो सामाजिक संरचनालाई थप सुदृढ बनाउँदै राष्ट्रिय एकता र सांस्कृतिक ऐक्यवद्धताको संरक्षणमा योगदान पुर्‍याउँछन्। मुहम्मद जयन्ती केवल धार्मिक अवसर मात्र नभई सामाजिक, सांस्कृतिक र नैतिक दृष्टिले पनि अत्यन्त महत्वपूर्ण छ। इस्लाम धर्मावलम्बीहरूले कुरान पाठ, नमाज र प्रार्थनाद्वारा आत्मशुद्धि, संयम र आध्यात्मिक अनुशासनको अभ्यास गर्दै यो जयन्ती मनाउने परम्परा रही आएको छ।

हजरत मुहम्मदको उपदेशहरूले सत्य, करुणा, क्षमा, धैर्य र सेवाभावलाई आत्मसात गर्न हामीलाई अभिप्रेरित गर्दछ। यसले परस्पर सहयोग, भाइचारा, एकता र समझदारीलाई सुदृढ बनाउँदै गरीब, असहाय, अनाथ तथा विपन्न वर्गप्रति सहानुभूति र सहयोगको भावना अभिवृद्धि गर्न टेवा पुर्‍याउँछ। जीवनमा सत्य बोल्ने, इमानदारीपूर्वक आचरण गर्ने, अरुको पीडामा साथ दिने, गल्ती क्षमा गर्ने र सहिष्णु बन्ने सन्देश पनि यस अवसरले दिन्छ।

अन्त्यमा, मुहम्मद जयन्तीले धार्मिक सहिष्णुता, आपसी सद्भाव, सामाजिक एकता र भाइचाराको सन्देश फैलाउनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै हजरत मुहम्मदको जीवन दर्शन र उपदेशले सत्य, न्याय, सेवा र समर्पणको मार्गमा मानव समाजलाई निरन्तर प्रेरित गरिरहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८३ भदौ १० गते बुधबार।
ने.सं. ११४६ गुँलाथ्व, त्रयोदशी।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति